April 18, 2026

आकाशवाणी

सुरुमा मुख्य समाचार

१. संसदका दुवै सदन **अनिश्चित कालका** लागि स्थगित

२. केन्द्रीय मन्त्रिपरिषद् द्वारा **महँगी भत्ता** र **पेन्सनभोगीहरूलाई महँगी राहतको अतिरिक्त किस्ता** जारी

३. **प्रधानमन्त्री ग्राम सडक योजना को तेस्रो संस्करण-** लाई, मार्च दुई हजार अठाइस सम्म निरन्तरता स्वीकृत र

४. प्रधानमन्त्री द्वारा आज राति आठ तीस बजे राष्ट्रलाई सम्बोधन

-----------

Both houses adjourned

आज संसदका दुवै सदन **अनिश्चित कालका** लागि स्थगित गरिएको छ। यससँगै जनवरी अठाइसमा सुरु भएको यस वर्षको संसदको बजेट सत्र समाप्त भएको छ। **सभामुख ओम बिर्लाले** लोकसभामा आफ्नो समापन सम्बोधनमा बजेट सत्रको अवधिमा सदनले तिरानब्बे प्रतिशत दक्षता दर्ता गरेको कुरा प्रकाश पार्नुभयो। उहाँले सदनको कुल एकतीस बैठकहरूमा बाह्र सरकारी विधेयकहरू पेश गरिएका र नौ

विधेयकहरू पारित भएको पनि बताउनुभयो। यसमा वित्त विधेयक दुई हजार छब्बीस, दिवालियापन र दिवालियापन संहिता (संशोधन) विधेयक, दुई हजार पच्चीस, आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक, दुई हजार छब्बीस, जन विश्वास (प्रावधानहरूको संशोधन) विधेयक, दुई हजार छब्बीस र केन्द्रीय सशस्त्र प्रहरी बल (सामान्य प्रशासन) विधेयक, दुई हजार छब्बीस समावेश छन्। शून्य समयमा सदस्यहरूले सार्वजनिक महत्वका कुल तीन सय छब्बीस विषयहरू उठाए।

## Bharat Maritime Insurance Pool

केन्द्रीय मन्त्रिपरिषद्ले आज **भारत समुद्री बीमा पूल** नामक घरेलु बीमा पूल सिर्जना गर्न स्वीकृति दिएको छ। बाह्र हजार नौ सय अस्सी करोडको यस Sovereign Guarantee Fund ले निरन्तर समुद्री बीमा कभरेजलाई सहज बनाउनेछ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले, यस fund ले कुनै पनि अन्तर्राष्ट्रिय मूलबाट भारतीय बन्दरगाहमा कार्गो बोक्ने जहाजहरूको लागि किफायती बीमामा पहुँच जारी राख्ने कुरा सुनिश्चित गर्ने बताउनुभयो। उहाँले पूलले हल र मेसिनरी, कार्गो, संरक्षण र क्षतिपूर्ति, र युद्ध जोखिम जस्ता सबै समुद्री जोखिमहरूलाई समेट्ने बताउनुभयो।

## Dearness Allowance

मन्त्रिपरिषद्ले यस वर्षको जनवरी एक देखि लागू हुने गरी केन्द्रीय सरकारी कर्मचारीहरूलाई **महँगी भत्ता र पेन्सनभोगीहरूलाई महँगी राहतको अतिरिक्त किस्ता** जारी गर्न पनि स्वीकृति दिएको छ। सूचना

तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भने कि महँगी भत्ता र महँगी राहत दुवैमा वृद्धिको कारणले सरकारी कोषमा प्रतिवर्ष **छ हजार सात सय एकानब्बे करोड रुपैयाँभन्दा बढी** प्रभाव पर्ने र यसले पचास लाखभन्दा बढी केन्द्रीय सरकारी कर्मचारीहरू र अरसाठी लाखभन्दा बढी पेन्सनभोगीहरूलाई फाइदा पुऱ्याउने बताउनुभयो।

## PMGSY-III

मन्त्रिपरिषद्ले **प्रधानमन्त्री ग्राम सडक योजना को तेस्रो संस्करण-** लाई, मार्च दुई हजार पच्चीस पछि मार्च दुई हजार अठाइस सम्म निरन्तरता दिन पनि स्वीकृति दिएको छ। श्री वैष्णवले यसमा ग्रामीण कृषि बजार, उच्च माध्यमिक विद्यालयहरू र अस्पतालहरूलाई बस्तीहरूसँग जोड्ने मार्गहरू र प्रमुख ग्रामीण लिंकहरु समावेश गर्ने बताउनुभयो।

## CCEA- Railways

आर्थिक मामिलासम्बन्धी मन्त्रिपरिषद् समिति ले **आज चौबीस हजार आठ सय पन्ध्र करोड रुपैयाँको** कुल लागतका दुई रेलवे परियोजनाहरूलाई अनुमोदन गरेको छ। यस परियोजनाले उत्तर प्रदेश र आन्ध्र प्रदेशका पन्ध्र जिल्लाहरूलाई समेट्नेछ। श्री वैष्णवले बढ्दै गरेको लाइन क्षमताले गतिशीलतामा उल्लेखनीय वृद्धि गर्ने, र यसको परिणामस्वरूप भारतीय रेलवेको लागि परिचालन दक्षता र सेवा विश्वसनीयतामा सुधार हुने बताउनुभयो।

## 131 Amendment Bill

केन्द्रीय महिला तथा बाल विकास मन्त्री **अन्नपूर्णा देवीले**, संविधान -एक सय एकतीसौं संशोधन विधेयक लोकसभामा पारित हुन नसकेको विषयमा कांग्रेसले महिलाको हितविरुद्धको अडान लिएको बताउनुभयो। उहाँले आकाशवाणीसँग विशेष कुराकानीमा देशभरका महिलाहरू ठूलो आशाका साथ हेरिरहेका थिए, तर अहिलेको लागि उनीहरूको आकांक्षा दुई हजार उन्तीस सम्म रोकिएको बताउनुभयो।

यसैबीच, कांग्रेस नेता **प्रियंका गान्धीले** संघीय संरचना परिवर्तन गर्ने र देशको लोकतान्त्रिक संस्थाहरूलाई कमजोर पार्ने सरकारको प्रयासलाई विपक्षीहरूले विफल पारेको दाबी गर्नुभयो।

## VP- SRI LANKA

**उपराष्ट्रपति सी. पी. राधाकृष्णन** भोलिदेखि श्रीलंकाको दुई दिने भ्रमणमा जानुहुनेछ। यो उहाँको छिमेकी देशमा पहिलो द्विपक्षीय भ्रमण हुनेछ। उहाँले श्रीलंकाका **राष्ट्रपति अनुरा कुमारा दिस◌ानायक, प्रधानमन्त्री डा. हरिनी अमर◌ासुरिया**-लगायत अन्य विशिष्ट व्यक्तिहरूसँग भेट गर्न◌ुहुनेछ। उपराष्ट्रपतिले भारतीय मूलका तमिल समुदायका नेताहरू र श्रीलंकाको उत्तरी र पूर्वी क्षेत्रका तमिल नेताहरूसँग अन्तरक्रिया गर्न◌ुहुनेछ। उहाँले कोलम्बोमा एक सामुदायिक कार्यक्रममा भारतीय प्रवासीलाई सम्बोधन गर्न◌ुहुनेछ, जहाँ उहाँले भारतीय आवास परियोजनाको तेस्रो चरणको भागको

रूपमा भारत सरकारको सहयोगमा निर्मित तमिल समुदायका लाभार्थीहरूलाई घरहरू भर्चुअल रूपमा हस्तान्तरण गर्न्ुहुनेछ।

US waiver

संयुक्त राज्य अमेरिकाले रूसबाट पेट्रोलियम पदार्थ किन्न देशहरूलाई प्रतिबन्धबाट एक महिनाको लागि छुट बढाएको छ। अमेरिकी कोष विभागले हिजो जारी गरेको आदेश अनुसार, यस छुटले अब **अप्रिल सत्र देखि मे सोह्र** सम्म समुद्रमा पहिले नै रहेका रूसी तेल ढुवानीसँग सम्बन्धित कारोबारहरूलाई अनुमति दिन्छ। यसअघि, अमेरिकाले मार्च पाँच देखि सुरु हुने एक महिनाको लागि रूसी तेल किन्न भारतलाई प्रतिबन्धबाट छुट दिएको थियो।

PM- nation address

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राति आठ तीस बजे राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। यो सम्बोधन महिला आरक्षणसँग जोडिएको संविधान संशोधन विधेयक लोकसभामा दुई तिहाइ बहुमतले पारित हुन नसकेको एक दिनपछि आएको हो।

IPL Cricket

आईपीएलमा, आयोजक **रोयल च्यालेन्जर्स बेंगलुरुले** एम. चिन्नास्वामी स्टेडियममा **दिल्ली क्यापिटल्सलाई** एक सय छहत्तर रनको लक्ष्य दिएको छ। दिल्ली क्यापिटल्सले अन्तिम रिपोर्ट आउँदा

________ ओभरमा ______________ रन बनाएको थियो।

अर्को खेलमा **सनराइजर्स हैदराबादले** हैदराबादको राजीव गान्धी अन्तर्राष्ट्रिय स्टेडियममा **चेन्नई सुपर किंग्ससँग** खेल्नेछ। खेल साँझ सात तीस बजे सुरु हुनेछ।

**आकाशवाणीबाट समाचार पूरा भयो।**